बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

# सामाजिक सुरक्षाका लागि दाउरा आपूर्ति कार्यविधि, २०७९

**प्रस्तावना:** शहरी क्षेत्रका वृद्धाश्रममा रहने वृद्धवृद्धाको सेवा र शवदाहको लागि आवश्यक पर्ने दाउराको दिगो आपूर्ति व्यवस्थापन गरी सामाजिक सुरक्षाको हकलाई मूर्त रुप दिन वाञ्छनीय भएकोले प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सामाजिक सुरक्षाका लागि दाउरा आपूर्ति कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आपूर्ति" भन्नाले प्रतिफल लिई कुनै वस्तु वा सेवा हस्तान्तरण गर्ने कार्य वा तत्सम्बन्धी अनुमति दिने कार्य सम्झनु पर्छ ।

(ख) "वृद्धवृद्धा" भन्नाले वृद्धाश्रममा बसोबास गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले सम्बन्धित डिभिजन वन कार्यालय सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले दाउरा वितरण सम्बन्धमा सम्पन्न गरिने कार्य सम्झनु पर्छ ।

(ङ) "बेवारिसे शव" भन्नाले जिल्ला प्रहरी कार्यालयले बेवारिसे भनी अभिलेख राखेको शव सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको वन हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले वन नियमावली, २०५१ को नियम ९ बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समिति सम्झनु पर्छ ।

(ज) "वृद्धाश्रम" भन्नाले वृद्धवृद्धाको हेरचाहको निम्ति शःशुल्क वा निः शुल्क रुपमा सञ्चालन हुने आश्रम सम्झनु पर्छ ।

(झ) "शव दाहस्थल" भन्नाले शव जलाउने स्थल वा घाट सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) वृद्धाश्रममा जाडो तथा शीतलहरको समयमा दाउरा आपूर्ति गर्न,



प्रदेश सचिव

(ख) बेवारिसे शव जलाउनका लागि दाउरा उपलब्ध गराउन,

(ग) शवदाह स्थलमा दाउराको आपूर्ति गर्न।

## परिच्छेद-३

## कार्य सञ्चालन प्रकृया र आधार

४. कार्य सञ्चालन प्रकृया: (१) समिति गठन भएका जिल्लामा समितिले कार्यालय मार्फत दाउरा आपूर्तिको कार्य सम्पादन गर्नेछ ।

तर समिति गठन नभएका जिल्लामा सम्बन्धित कार्यालयले आपूर्तिको व्यवस्था मिलाउनेछ ।

(२) यो कार्यविधिको प्रयोजनको लागि समिति गठन नभएको जिल्लाको सम्बन्धित कार्यालयले समिति गठन भएको कार्यालयसँग दाउरा माग गरेमा आपसी समझदारीमा त्यस्तो समितिले दाउरा उपलब्ध गराउन सक्नेछ।

(३) कार्यालयले वृद्धाश्रम र शव दाहस्थलमा निःशुल्क उपलब्ध गराइएको दाउराको मूल्य (कटान, मुछान, ढुवानी समेत) बराबरको रकम विनियोजित बजेटबाट अग्रिम रुपमा वा सोध भर्ना स्वरुप समितिमा जम्मा गर्नु पर्नेछ।

(४) दाउराको मौज्दात नरहेको अवस्थामा समितिले आफ्नो स्रोतबाट रकम व्यवस्थापन गरी सामुदायिक वन उपभोक्ता समूह वा अन्य व्यवस्थापकसँग खरिद गरी दाउरा वितरण गर्नेछ।

(५) कार्यालयले दाउराको मौज्दात नरहेको अवस्थामा आफ्नो विनियोजित बजेटबाट सामुदायिक वन उपभोक्ता समूह वा अन्य स्रोतबाट खरिद गरी दाउरा वितरण गर्नेछ।

(६) उपदफा (४) र (५) को लागि सामुदायिक वन उपभोक्ता समूहले दाउरा उपलब्ध गराउनुपर्ने दायित्व हुनेछ ।

(७) मन्त्रालयले यस कार्यविधि बमोजिम वितरण गरिने दाउराको लागि आवश्यक पर्ने रकम सम्बन्धित कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा विनियोजन गर्नेछ।

५. वितरण गरिने आधार: (१) वृद्धाश्रमको हकमा दाउरा वितरण देहाय बमोजिमको आधारमा गरिनेछ:

(क) प्रचलित कानून बमोजिम दर्ता भएको वृद्धाश्रम हुनु पर्ने,

(ख) कम्तीमा पाँच जना वृद्धवृद्धाको बसोबास भइरहेको हुनु पर्ने,

(ग) वृद्धाश्रमबाट दाउराको मागको लागि प्राप्त निवेदनको आधारमा सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको हुनु पर्ने ।

(२) वृद्धाश्रममा मङ्सिर, पुस, माघ र फागुन महिनामा निःशुल्क दाउरा वितरण गरिनेछ ।

(३) उपदफा (२) बमोजिम दाउरा वितरणका लागि उपदफा (१) बमोजिम छनौटको आधरमा हरेक वृद्धाश्रमलाई दैनिक ६० के.जी. दाउरा उपलब्ध गराइनेछ ।

(४) कार्यालय वा समितिले चलनचल्तीको शव दाह गर्ने स्थल वा घाटमा मात्र शव जलाउन आवश्यक पर्ने दाउरा उपलब्ध गराउनेछ ।

(५) उपदफा (४) बमोजिम दाउराको बिक्री वितरणको मूल्य समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (४) बमोजिम घाट व्यवस्थापन समिति वा सामुदायिक वन उपभोक्ता समूह वा क्लब वा धार्मिक संस्थाले कार्यालय वा समितिबाट खरिद गरेको दाउरा डिपो स्थापना गरी बिक्री वितरण गर्न सक्नेछन्।

(७) बेवारिसे शव व्यवस्थापनको हकमा दाउरा वितरणको लागि जिल्ला प्रहरी कार्यालयले बेवारिसे भनेर उल्लेख गरी अभिलेख राखेको खण्डमा उपलब्ध गराइनेछ।

(८) उपदफा (७) बमोजिमको कार्यको लागि कार्यालय वा समितिले एउटा शव जलाउन बढीमा २५० के.जी. दाउरा निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(९) उपदफा (६) बमोजिम कार्यालयले आवश्यक ठानेमा घाट व्यवस्थापन समिति वा सामुदायिक वन उपभोक्ता समूह वा क्लब वा धार्मिक संस्थालाई बिक्री डिपोमा दाउरा चिर्न १८ इन्च को आरा राख्न अनुमति दिन सक्नेछ ।

(१०) कार्यालयले चौमासिक रुपमा यो कार्यविधिको प्रयोजनको लागि बिक्री वितरण भएको दाउराको परिमाण खुल्ने प्रतिवेदन वन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४
## समिति तथा मन्त्रालयको भूमिका

६. **समितिको भूमिकाः** दाउरा आपूर्तिको सम्बन्धमा समितिको भूमिका देहाय बमोजिम हुनेछः
   (क) डिभिजन वन कार्यालय तथा अन्य निकायसँग दाउरा आपूर्तिका लागि आवश्यक सहजीकरण गर्ने,
   (ख) मन्त्रालयबाट तोकिएका अन्य कार्यहरु गर्ने ।

७. **मन्त्रालयको भूमिकाः** दाउरा आपूर्तिको सम्बन्धमा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः
   (क) यस कार्यविधिको कार्यान्वयनका लागि आवश्यक मार्ग निर्देशन दिने,

प्रदेश सचिव

CamScanner

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

(ख) समिति वा कार्यालयसँग कार्यान्वयनका हकमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ग) कार्य सम्पन्न गर्ने सिलसिलामा उत्पन्न हुने समस्याको निराकरण गर्ने,

(घ) निःशुल्क वितरण गर्ने दाउराको निमित्त वार्षिक कार्यक्रम स्वीकृत गराई समिति वा कार्यालयलाई रकम उपलब्ध गराउने,

(ङ) आवश्यकताका आधारमा अनुगमन तथा निरीक्षण गर्ने ।

परिच्छेद-५

विविध

८. दोहोरो सुविधा नपाउने: दाउराको निःशुल्क वितरण मार्फत अन्य निकायबाट दाउरा प्राप्त गरेको वृद्धाश्रम तथा शवदाह स्थलले यस कार्यविधि बमोजिम दाउराको आपूर्ति मार्फत दाउरा प्राप्त गर्ने छैन ।

९. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा कार्यविधिको मर्म र भावना विपरित नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रदेश सचिव

CamScanner